लगातार तेस्रो कारोबार दिन बढ्यो नेप्से

अभियान संवाददाता

काठमाडौं

शेयर बजार मापक नेप्से परिसूचक लगातार तेस्रो कारोबार दिन बढेको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार बुधबार नेप्से परिसूचक ८ दशमलव ७० अंक (शून्य दशमलव ३२ प्रतिशत) बढेर २ हजार ६४७ दशमलव ६५ अंकमा पुगेको छ । यसअघि गत सोमबार नेप्से परिसूचक २ दशमलव २६ अंक र मंगलवार १५ दशमलव ३९ अंक बढेको थियो ।

बुधबार नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको छ । अघिल्लो कारोबार दिन ५ अर्ब ५५ करोड रुपैयाँभन्दा बढीको कारोबार भएकोमा यस दिन ६ अर्ब १४ करोड रुपैयाँभन्दा बढीको कारोबार भएको छ ।

बुधबार शेयर मूल्य सर्वाधिक (प्रतिशतको आधारमा) बढ्नेमा मुक्तिनाथ कृषि कम्पनी लिमिटेड छ । उक्त कम्पनीको शेयर मूल्य १० दशमलव ९८ प्रतिशत बढेर ६७७ रुपैयाँ कायम भएको छ । यस दिन शेयर मूल्य सर्वाधिक (प्रतिशतको आधारमा) घट्नेमा उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड छ । उक्त कम्पनीको शेयर मूल्य ३ दशमलव ३० प्रतिशत घटेर ८८० रुपैयाँमा झरेको छ ।

बुधबारको कुल कारोबारमा सर्वाधिक हिस्सा हिमालय उर्जा विकास कम्पनी लिमिटेडको छ । उक्त कम्पनीको ३४ करोड ७४ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको छ ।

बुधबार होटल तथा पर्यटन, उत्पादन तथा प्रशोधन र लघुवित्त समूहबाहेक सबै समूहगत सूचक बढेका छन् । यस दिन सर्वाधिक बढ्ने समूहगत सूचकमा विकास बैंक समूह छ । उक्त समूहको सूचक सर्वाधिक शून्य दशमलव ९९ प्रतिशत बढेको छ । यस दिन सर्वाधिक घट्ने सूचकमा उत्पादन तथा प्रशोधन समूह छ । उक्त समूहको सूचक सर्वाधिक शून्य दशमलव ३६ प्रतिशतले घटेको छ ।

बजार पूँजीकरण बढ्यो

बुधबार बजार पूँजीकरण रू. १४ अर्ब ९७ करोडले बढ्दै रू. ४५ खर्ब ५७ अर्ब ५६ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४५ खर्ब ४२ अर्ब ५८ करोड थियो ।

कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको

कारोबार रकमका आधारमा बुधबार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४८ दशमलव ९९ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ५८ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा बैंकिङ्ग समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब ५५ करोड बराबरको धितोपत्र किनबेच भएको छ ।

ब्रोकर नं. १८ बाट सर्वाधिक कारोबार

बुधबारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब १३ करोड बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ५४ करोड २४ लाख बराबरको धितोपत्र बिक्री भएको छ भने रू. ५९ करोड ५८ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३३ रहेको छ । जसबाट बुधबारको बजारमा रू. ५० करोड २० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र

बढेका धितोपत्र			घटेका धितोपत्र		
धितोपत्र	अन्तिम मूल्य रू.	फरक (प्रतिशत)	धितोपत्र	अन्तिम मूल्य रू.	फरक (प्रतिशत)
मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	६७७	१०.९८	उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड	८८०	-३.३०
हिमालय उर्जा विकास कम्पनी लिमिटेड	२९१.१०	८.६२	लक्ष्मी भ्याल्यु फण्ड २	९.११	-२.९८
कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड	८००	५.९६	ओम मेगाथ्री फर्मास्युटिकल्स लिमिटेड	६६०	-२.९४
मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड	९९३	५.५७	सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड	१,१३२.२०	-२.८२
सनराइज ब्लुचिप फण्ड	९.५१	५.३२	कालिन्चोक हाइड्रोपावर लिमिटेड	५८२.८०	-२.७०

शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)

ब्रोकर नं.	खरीद रकम	बिक्री रकम	जम्मा रकम
५८	५९.५८	५४.२४	११३.८२
३३	२४.४६	२५.७४	५०.२०
३४	२३.१२	२२.५५	४५.६७
४२	२०.७९	२३.८५	४४.६४
४४	१९.७९	२३.०५	४२.८४

समूहगत परिसूचकमा आएको परिवर्तन

क्र.सं.	समूह	समूहगत परिसूचक	परिवर्तन (% मा)
१	विकास बैंक	५,५५१.४६	०.९९
२	जलविद्युत्	३,६३४.६३	०.८८
३	जीवन बीमा	११,६०५.१५	०.५१
४	व्यापार	३,१५६.९६	०.५०
५	लगानी	९३.५४	०.४०
६	बैंकिङ्ग	१,६२०.१६	०.२४
७	म्युचुअल फण्ड	२०	०.२४
८	अन्य	१,८३४.३९	०.१२
९	निर्जीवन बीमा	९,२३८.६१	०.१०
१०	वित्त	२,१३६.७६	०.०९
११	होटल तथा पर्यटन	६,९६७.३९	-०.०४
१२	लघुवित्त	४,३७४.१६	-०.०९
१३	उत्पादन तथा प्रशोधन	१०,३८१.०१	-०.३६

समूहगत कारोबार

क्र.सं.	समूह	कारोबार रकम (रू. करोडमा)	कारोबारमा हिस्सा(%मा)
१	जलविद्युत्	३००.५८	४८.९१
२	बैंकिङ्ग	१५५.२७	२५.२७
३	उत्पादन तथा प्रशोधन	४७.१०	७.६६
४	विकास बैंक	२७.९१	४.५४
५	होटल तथा पर्यटन	१६.१९	२.६४
६	लगानी	१५.०१	२.४४
७	लघुवित्त	१४	२.२८
८	वित्त	१०.८०	१.७६
९	जीवन बीमा	१०.०६	१.६४
१०	अन्य	७.६२	१.२४
११	निर्जीवन बीमा	६.२७	१.०२
१२	संस्थापक शेयर	१.४७	०.२४
१३	व्यापार	१.४३	०.२३
१४	म्युचुअल फण्ड	०.४८	०.०८
१५	ऋणपत्र	०.२९	०.०५

सर्वाधिक कारोबार भएका पाँच धितोपत्र

धितोपत्रको नाम	कारोबार रकम (रू. करोडमा)	अन्तिम मूल्य (रू.)
हिमालय उर्जा विकास कम्पनी लिमिटेड	३४.७४	२९१.१०
कुमारी बैंक लिमिटेड	२२.१९	२३८
ग्लोबल आइएमई बैंक लिमिटेड	१७.९२	२८४
सानिमा बैंक लिमिटेड	१६.९८	४१०.३०
एनआईसी एशिया बैंक लिमिटेड	१६.२०	३२५.२०

हिम पर्वत हाइड्रोपावरको आईपीओ मङ्सिर १८ गतेदेखि

काठमाडौं (अस) । हिम पर्वत हाइड्रोपावर लिमिटेडले मङ्सिर १८ गतेदेखि थप सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्ने भएको छ ।

कम्पनीले सर्वसाधारण लगानीकर्तामा जारी गर्ने शेयरमध्ये पहिलो चरणमा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि निष्कासन तथा बाँडफाँटपछि दोस्रो चरणमा थप सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्न लागेको हो ।

हिम पर्वतले आफ्नो जारी पुँजी ९ अर्ब ६९ करोड रुपैयाँको ३५ प्रतिशत अर्थात् ५९ करोड १५ लाख रुपैयाँ बराबरको ५९ लाख १५ हजार कित्ता शेयर निष्कासन गर्ने अनुमति पाएको हो । जसमध्ये १६ लाख ९० हजार कित्ता आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूका लागि र ४ लाख २२ हजार ५०० कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीमा बाँडफाँट गरिएको हो । यी बाहेक पनि कम्पनीले २ लाख ११ हजार २५० कित्ता शेयर सामूहिक लगानी कोषहरूका लागि र १ लाख २६ हजार ७५० कित्ता शेयर कम्पनीका कर्मचारीहरूका लागि सुरक्षित गरि बाँकी रहेको ३४ लाख ६४ हजार ५०० कित्ता शेयर भने थप सर्वसाधारणमा निष्कासन गर्न लागिएको हो ।

कम्पनीले प्रतिशयर १०० रुपैयाँ अंकित मूल्यमा आईपीओ निष्कासन गर्न अनुमति पाएको हो । यो आईपीओ खरीदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्तासम्म माग गर्न सकिनेछ ।

आईपीओ निष्कासन अवधि मङ्सिर २३ गतेसम्म र सो समयसम्म माग बमोजिम आवेदन नपरेमा पुस ३ गतेसम्मका लागि तोकिएको छ ।

कम्पनीको आईपीओ निष्कासन तथा बिक्री प्रबन्धकमा सिटिजन्स क्यापिटल लिमिटेड रहेको छ । बिक्री प्रबन्धकसँगै सम्पर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएको कार्यालयसँगै मेरोशेयर अनलाइनमार्फत पनि आवेदन दिन सकिनेछ ।

कम्पनीको आईपीओ निष्कासन प्रयोजनका लागि गराइएको रेटिङ्गमा इक्रा नेपालले कम्पनीलाई वित्तीय दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको संकेत गर्ने इक्राएनपी इस्यूअर डबल बी प्लस रेटिङ्ग प्रदान गरेको छ ।

कम्पनीले दोलखा जिल्लामा कुल २५ दशमलव ५ मेगावाट क्षमताको दुई आयोजना निर्माण सम्पन्न गरी व्यापारिक उत्पादन गर्दै आएको छ ।

गत आर्थिक वर्ष २०८२/८३ को वास्तविक वित्तीय विवरणअनुसार कम्पनीको वास्तविक प्रतिशयर नेटवर्थ ११५ रुपैयाँ ५ पैसा छ ।

नेपाल ल्यूब आयलको बोनस शेयर नेप्सेमा सूचीकृत

काठमाडौं (अस) । नेपाल ल्यूब आयल लिमिटेडको १५ प्रतिशत बोनस शेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भएको छ । कम्पनीको १५ प्रतिशत बोनस शेयर बापतको १ लाख ४५ हजार ७२५ दशमलव ३६ कित्ता शेयर मङ्सिर ९ गते नेप्सेमा सूचीकृत भएको हो ।

गत असोज १९ गते सम्पन्न वार्षिक साधारणसभाबाट कम्पनीले उक्त बोनस शेयर वितरणको प्रस्ताव पारित गरेको थियो । यस वर्ष कम्पनीले १५ प्रतिशत बोनस शेयरसँगै कर प्रयोजन समेतका लागि ६ दशमलव शून्य ५३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो ।

बोनस शेयरपछि कम्पनीको चुक्तापुँजी १० करोड ६ लाख ९० हजार ४०० रुपैयाँ कायम भएको छ । बिहीबार (आज)देखि कारोबारयोग्य हुने यी शेयर सम्बन्धित शेयरधनीहरूले भने आफ्नो हितग्राही खातामा जम्मा भएपछि कारोबार गर्न सक्नेछन् । सभा प्रयोजनका लागि कम्पनीले असोज ५ गतेदेखि असोज १९ गतेसम्म बुक क्लोज गरेको थियो ।

श्रीयं बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८ औं वार्षिक साधारणसभा बस्ने सूचना

प्रकाशित मितिः २०८३/०८/१०

यस संस्थाको मिति २०८३ साल मार्ग ६ गते आईतबारका दिन बसेको २४८ औं सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम यस संस्थाको १८ औं वार्षिक साधारणसभा निम्न विषयहरु उपर छलफल गर्न तपसिल बमोजिमको मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्यहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा बस्ने मिति, स्थान र समय

मिति : २०८३ पौष १२ गते आईतबार

स्थान : संस्थाको कार्यालय,का.म.न.पा.१६, पकनाजोल, ढुङ्गेधारा,

समय : दिउसो १:०० बजे ।

सभामा छलफलका विषयहरु

१) संस्थाका अध्यक्ष द्वारा प्रस्तुत आ.व.२०८२/२०८३ को वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने बारे ।
२) लेखा समिति संयोजकको प्रतिवेदन उपर छलफल तथा पारित गर्ने बारे ।
३) आ.व.२०८२/२०८३ को लेखा परिक्षकको प्रतिवेदन तथा वासलात उपर छलफल एवं पारित गर्ने बारे ।
४) आ.व.२०८३/२०८४ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने बारे ।
५) विनियम संशोधन गर्ने बारे ।
६) विविध ।

काठमाडौं फरेष्ट्री कलेज पब्लिक लि.

फोन नं.: ९७७-१-५१४७२११, मातातिर्थ, काठमाडौं

१०औं वार्षिक साधारण सभाको सूचना

मिति २०८३/०७/१५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कलेजको २०औं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा निर्णय हुने भएकोले सम्पर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०८३ पुष १८ गते, शनिवार ।
समय : बिहान ९:०० बजेदेखि ।
स्थान : काठमाडौं फरेष्ट्री कलेज, मातातिर्थ, काठमाडौं ।

छलफलका विषयहरु:

क) सामान्य प्रस्ताव
१. अध्यक्षबाट प्रस्तुत हुने आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को वार्षिक आर्थिक विवरणहरु ।
३. आ.व. २०८३/०८४ को अनुमानित आय व्ययको प्रतिवेदन ।
४. आ.व. २०८३/०८४ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक ।

ख) विविध ।

नोट: शेयरधनीहरुले कम्पनीको लेखा परिक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण लगायतका सम्बन्धित कागजात हेर्न चाहेमा कलेजमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

आज्ञाले,
प्रबन्ध निर्देशक

आर्थिक प्रस्ताब खोलिने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८३/०८/१०)

पूर्वाधार विकास निर्देशनालय, बागमती प्रदेशबाट मिति २०८३/०६/३० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना नं. ०२/०८३/८४ अनुसार देहायबमोजिमका खरिद कार्यका लागि रित पुर्वक न्याद भित्र यस निर्देशनालयमा Hard Copy मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम योग्यताको सबै आधारमा सफल भई सारभुतरुपमा प्रभावग्राही देहायानुसारका बोलपत्रदाताहरुको मिति २०८३/०८/१७ गते दिनको १:०० बजे यस निर्देशनालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

S.N.	सूचना नं.	Contract Name and Contract ID	Names of the Substantially Responsive Bidder in Technical Evaluation, Address
Fabrication, Supply, Transportation, Construction and Erection of LSTB Through Construction Turnkey Package (CTP)			
1.	02/083/84	Tirtire Bhir Jholunge Pul, Bidur - 07 & 10, Nuwakot (IDD/BAG/W/NCB/CTP/01/2083-84)	1. M/S B.M. Construction Pvt. Ltd., Bidur-10, Nuwakot 2. M/S Public Construction, Kathmandu 3. M/S Shailendra Nirman Sewa, Bidur-10, Nuwakot 4. M/S D.B. Nirman Sewa, Surkhet 5. M/S Y.K. Sisne Construction Company and Suppliers Pvt. Ltd., Kathmandu-32, Pepsicola 6. M/S Lama Pragati Nirman Sewa, Roshi-02, Kavrepalanchok 7. M/S Kapur-Prasansa J.V., Dhulikhel, Kavrepalanchok 8. M/S Mukul-D.P.-Bikash J.V., Bidur-04, Nuwakot
2.		Simchaur Jholunge Pul, Bidur - 04 & 12, Nuwakot (IDD/BAG/W/NCB/CTP/02/2083-84)	1. M/S B.M. Construction Pvt. Ltd., Bidur-10, Nuwakot 2. M/S Upper Tamakoshi Builders Pvt. Ltd., Kathmandu-32 3. M/S Shailendra Nirman Sewa, Bidur-10, Nuwakot 4. M/S B. Lama Nirman Sewa, Kavrepalanchok 5. M/S Juction Nirman Sewa and Suppliers Pvt. Ltd., East Rukum 6. M/S Lama Pragati Nirman Sewa, Roshi-02, Kavrepalanchok
3.		Meristopes Marga Dekhi Kafibari Jodne Jholunge Pul, Bidur - 04 & 12, Nuwakot (IDD/BAG/W/NCB/CTP/03/2083-84)	1. M/S S.A-Tribeni and Trishuli J.V., Bidur-07, Nuwakot 2. M/S B.M. Construction Pvt. Ltd., Bidur-10, Nuwakot 3. M/S Upper Tamakoshi Builders Pvt. Ltd., Kathmandu-32 4. M/S Shailendra Nirman Sewa, Bidur-10, Nuwakot 5. M/S Juction Nirman Sewa and Suppliers Pvt. Ltd., East Rukum 6. M/S B Lama Nirman Sewa, Kavrepalanchok 7. M/S Himshikhar Hira Construction Pvt. Ltd., Kathmandu-10 8. M/S Lama Pragati Nirman Sewa, Roshi-02, Kavrepalanchok 9. M/S Mukul-Naulakha-DP JV, Bidur-04, Nuwakot

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८३/०८/१०)

पूर्वाधार विकास निर्देशनालय, बागमती प्रदेशबाट मिति २०८३/०६/२८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना नं. ०१/०८३/८४ अनुसार देहायबमोजिमको खरिद कार्यका लागि रित पुर्वक न्याद भित्र यस निर्देशनालयमा Hard Copy मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये निम्नानुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र; मूल्याङ्कित बोलपत्रहरूको औसत रकमसँग सबैभन्दा नजिक तथा सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतीको लागि बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम निजले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

S.N.	सूचना नं.	Contract Name and Contract ID	Name of the Nearest to Average Substantially Responsive Bidder, Address	Bid Price (With VAT & PS)NRs.
1	01/083/84	FELLING AND LOGGING OF MARKED TREES AT ADMINISTRATIVE BUILDING CONSTRUCTION SITE, DEBARKING OF LOGS, TRANSPORTING TO SPECIFIED LOG-YARD, PILING AND STACKING (IDD/BAG/NCB/W/01/2083-84)	श्री जे. डी. सःमिल तथा फर्निचर उद्योग, हेटौँडा-४	५२,११,८४२.४०

महानिर्देशक
पूर्वाधार विकास निर्देशनालय
हेटौंडा, मकवानपुर